"समृद्ध राप्ती नगरको आधार, कृषि, पर्यटन र पूर्वाधार"

# समृद्ध राप्ती ई-बुलेटिन

२०८१ बैशाख १५ गते शनिवार
Sat, April 27 2024
• वर्ष-१ | • अंक-७

Email :rraptimunicipality42@gmail.com

समृद्ध राप्ती - ई बुलेटिन | web : www.raptimunchitwan.gov.np | SAMBRIDHHA RAPTI - E-bulletin

### कृषकसंग मेयर

# राप्तीमा कृषि एम्वुलेन्स आयो




राप्ती । १० वैशाख :चितवनको राप्ती नगरपालिकाले कृषि एम्बुलेन्स सञ्चालनको तयारी गरेको छ । नगरभित्रका किसानले उत्पादन गरेका कृषि उपज ढुवानीका लागि कृषि एम्बुलेन्स सञ्चालनको अन्तिम तयारीमा रहेको नगर पालिकाले जनाएको छ । नगर प्रमुख शमशेर लामाका अनुसार अबको एक दुई दिनमा किसानको कृषि उपज बोक्ने गरी कृषि एम्बुलेन्स सेवा सञ्चालनमा ल्याइनेछ । किसानले उत्पादन गरेका कृषि सामाग्रीको बजारीकरण गर्न सहजताको लागि कृषि एम्बुलेन्स सेवा सञ्चालन गर्न लागिएको उहाँले बताउनुभयो ।उहाँले भन्नुभयो, "एम्बुलेन्स पालिकमा आइसकेको छ । यसको प्राविधिक काम सकिएपछि सञ्चालन हुनेछ ।" उहाँले राप्तीको पहाडी क्षेत्रमा कृषि एम्वुलेन्स प्रभावकारी हुने भन्दै थप्नुभयो, "विशेष गरेर पालिकाको माथिल्लो भेगमा कृषि उपज ढुवानी र बजारीकरणमा समस्या थियो अब कृषकका समस्याहरु क्रमश: हल हुँदै जानेछन् । हामिले कृषि एम्बुलेन्स मार्फत कृषकका खेतबाारीसम्म पुगेर कृषि उपज बजारसम्म ल्याउने उद्देश्यका साथ यसको तयारी गरेको हो । यसले पडाडको कुना काब्जामा उत्पादान भएका उपजहरु पनि बजार ल्याउन सहयोग पुग्नेछ ।" उहाँले अब किसानहरुले उत्पादनमा जोड दिन आवश्यक रहेको बताउनुभयो । कृषकलाई कृषिप्रति आकर्षण गराउन र उत्पादनलाइ बजार ीकरणको लागी न्यूनतम शुल्क लिएर ढुवानी गरिने प्रमुख लामाले भनाई छ ।

प्रमुख लामाका अनुसार तत्कालिन कृषिमन्त्री बेदुराम भुसालको पहलमा कृषि एम्वुलेन्स ल्याउन नगरपालिका सफल भएको हो । एम्बुलेन्स कृषि तथा पशुपंक्षी विकास मन्त्रालयबाट विनियोजित रू. १९ लाख पचहत्तर हजारमा खरिद गरिएको पलिकाका सूचना अधिकारी दिपक थिङले जानकारी दिनुभयो ।

## निशुल्क एम्वुलेन्स : ९८५५०५०२४५



**श्री शमशेर लामा**
नगर प्रमुख
सम्पर्क : ९८५५०६२२३२



**श्री देवेन्द्र लामा**
नगर उप प्रमुख
सम्पर्क : ९८५५०५०६१०



**श्री निलम कुमार न्यौपाने**
प्रमुख प्रशासकीय अधिकृत
सम्पर्क : ९८५५०४३१११



**श्री दिपक थिङ**
सूचना अधिकारी
सम्पर्क : ९८६०८३६३९४

# आवासीय विद्यालयबाट पदाउँदै

राप्ती । राप्ति नगरपालिकाले घर टाढा भएका विपन्न चेपाङ बालबालिकालाई लक्षित गर्दै तीन वटा आवासीय विद्यालय सञ्चालनमा ल्याएको छ । यसबाट ग्रामीण क्षेत्रका बालबालिका लाभान्वित भएका छन् । राप्ती नगरपालिकाका प्रमुख शमशेर लामाका अनुसार चालु शैक्षिक सत्रबाट दुईवटा विद्यालयमा आवासीय व्यवस्थापनको सुरुवात गरिएको हो ।

एउटा विद्यालयमा नगरपालिकाले यस अघिनै आवासीय कक्षा सञ्चालन गरेको थियो । उनका अनुसार राप्तीको विकट गाउँ कान्दामा रहेको कान्देश्वरी आधार भूत विद्यालयमा यसै शैक्षिक सत्रबाट नगर पालिकाले आवासीय कक्षा सञ्चालन गरेको हो । यसअघि मितेरी फाउण्डेशन र लक्ष्मी प्रतिष्ठानले आवासीय विद्यालय सञ्चालन गर्दै आएकोमा यस वर्षबाट नगरपालिकाले सहयोग गर्न थालेको हो । त्यहाँ एक सय ५० जना चेपाङ बालबालिका अध्ययनरत छन् । फाउण्डेशन र प्रतिष्ठानले भौतिक संरचना यस अघिनै बनाएको थियो ।

त्यहाँ कार्यरत दुईजना शिक्षक/कर्मचारीको खर्च व्यवस्थापन तीनै संस्थाले गर्दै आएका छन् भने अन्य व्यवस्थापनमा नगरपालिकाले सहयोग गरेको छ । यो राप्ती नगरपालिका-१३ मा पर्दछ । जिल्लाको सबैभन्दा विकट ठाउँको रूपमा यो चिनिन्छ । राप्ती नगरपालिका-१२ एउराली टारस्थित गणेश माविमा आवासीय कक्षा सञ्चालन गरिएको छ । त्यहाँ १०४ जना बालबालिका आवासीय रूपमा बस्दै आएका छन् ।

# विद्यालय भर्ना अभियान सुरु बालबालिकालाई नियमित विद्यालय पठाउन मेयर लामाको आह्वान




राप्ती । नयाँ शैक्षिक सत्र २०८१ को विद्यालय भर्ना अभियान बशाख २ गतेदेखि सुरु भएको छ । 'सबै बालबालिकाको विद्यालयमा सहभागिता, गुणस्तरीय शिक्षाप्राप्तिको सुनिश्चितता' भन्ने सङ्कल्पका साथ भर्ना अभियान सुरु भएको हो । राप्तीका मेयर शमशेर लामाले विद्यालय जाने उमेरका बालबालिकाहरूलाई पायक पर्ने विद्यालयमा भर्ना गर्न र नियमित रूपमा विद्यालय पठाउन आह्वान गरेका छन् । शिक्षा पाउनु हरेक बालबालिकाको संविधान प्रदत्त एवं जन्मसिद्ध मौलिक अधिकार भएको भन्दै मेयर लामाले २०८१ को शुभारम्भमा नै सबै बालबालिकालाई विद्यालय भर्ना गराई शिक्षासम्बन्धी मौलिक हक कार्यान्वयन हुने विश्वास व्यक्त गरेका छन् । राप्ती नगरपालिकामा पढ्न कति पनि शुल्क नलाग्ने भएको भन्दै नियमित विद्यालय पढ्न पठाउन मेयर लामाले अनुरोध गरेका छन । उनले एकातर्फ विद्यालय जाने उमेरका सबै बालबालिकालाई विद्यालयमा भर्ना सुनिश्चितता गर्नुपर्ने र अर्कातर्फ निशुल्क अभियानलाइ प्रभावकारि बनाउन चुनौती थपिएको बताए । गत शैक्षिक सत्रदेखि नै विद्यालय भर्ना हुने बेला कहि कतै शुल्क तिरेको भन्ने सुनिएको भएपनि यो पटक वाट शुल्क कति पनि तिर्न नहुने बताए । यसका अलवा यहि बर्ष देखि त भर्ना गरेर घर फर्कदा किताव समेत पाउन सकिएको बताए ।

उनले गुणस्तरीय विद्यालय शिक्षामा समान पहुँचका लागि स्थानीय सरकारले विभिन्न प्रयासहरु गर्दै आएको पनि बताएका छन् । राप्ती नगर पालिकाल वर्षेनी विद्यालय शिक्षामा ठूलो लगानी गरेको र शिक्षाको मौलिक हकलाई कार्यान्वयनका निम्ति थुप्रै चुनौती सामना गर्नुपरेको उनले बताए । सरकारले सार्वजनिक विद्यालयका विद्यार्थीलाई नि:शुल्क पाठ्यपुस्तक, दिवा खाजा, छात्रवृत्तिका साथै उपयुक्त शैक्षिक पूर्वाधार र विद्यालयमा दक्ष जनशक्तिको व्यवस्थापनमा विशेष जोड दिँदै आएको भन्दै उनले विद्यालय शिक्षामा लगानी गर्दै आएको बताएका छन् । यी प्रयासहरुलाई सघन तुल्याउँदै थप परिणाममुखी बनाउन सामूहिक प्रयास केन्द्रित हुने अपेक्षा मेयर लामाले गरेका छन् ।



## राप्ती नगर पालीका वडा न:१२ यौरालिटार मा निर्माणधिन अवस्थामा रहेको छात्रावास

## सम्पादकीय

### नयाँ बर्षको शुभकामना

नयाँ वर्ष २०८१ साल शुभारम्भको सुखद अवसरमा राप्ती नगरवासी साथै स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपाली दाजुभाई एवं दिदिबहिनीहरूमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य एवं दीर्घायुको लागि हार्दिक शुभकामना व्यक्त गर्दछु । एउटा साल सकिएर अर्को सुरुवात हुनुमात्र नयाँ वर्ष होइन । नयाँ वर्षको आगमनसँगै हाम्रा भित्तामा झुन्डिएको भित्तेपात्रो फेरिनु मात्र पनि नयाँ साल आएको रुपमा बुझ्न सकिन्न ।

नवीन अवसर र सम्भावनाहरु पहिचान गर्दै हामीभित्र रहेका निराशालाई चिर्ने सुखद दिनका रुपमा नयाँ सालको स्वागत गर्न सक्नुपर्छ ।

राप्तीनगरवासीको मुल समस्या पहिचान गरी त्यसको समाधान ,बेरोजारीलाइ कम गर्दै रोजगारीको वातावरण सिर्जना गर्न आर्य आर्जनमुलक कार्यक्रम ल्याउने प्रतिवद्धता व्यक्त गर्दछु । नगरवासीको जीवनसँग प्रत्यक्ष सरोकार राख्ने शिक्षा, स्वास्थ्य, कृषि र वातावरण संरक्षणजस्ता विषयलाई उच्च प्राथमिकतामा राख्ने नीति निर्माण गर्दै तीनै स्थानीय सरकार योजनाबद्ध रुपमा क्रियाशील रहने प्रतिबद्धता व्यक्त गर्ने दिन, यो नयाँ वर्ष बन्न सकोस् । गएको सालको बिदाई र नयाँ साललाई स्वागत गरिरहँदा विगतको अनुभव र सिकाईलाई हामीले सदैव आत्मसात् गर्नुपर्दछ । नयाँ जोश जाँगर सहित समृद्ध राप्ती निर्माणको महाअभियानमा एकाकार हुन हामी सबैलाई अभिप्रेरित गरोस् भन्दै सबैमा नव वर्ष २०८१ को पुन: एक पटक शुभकामना व्यक्त गर्दछु ।

### महत्वपुर्ण सर्म्पक नम्वर

राप्ती नगरपालिका चितवन : ०५६-५५००१५
राप्ती नगर प्रमुख : ९८५५०६२२३२
राप्ती नगर उपप्रमुख : ९८५५०५०६१०
सुचना अधिकारी : दिपक थिङ : ९८६०८३६३९४
भण्डारा अस्पताल : ०५६-५५००३७
निशुल्क एम्वुलेन्स : ९८५५०५०२४५
निशुल्क रगतको लागी : ०५६-५९५८८०
जिल्ला प्रहरी कार्यालय चितवन : १००
इ. प्रहरी कार्यालय भण्डारा : ९८५५०९०३०३
दमकल :०५६५८२५४६
विघुत प्राधिकरण भण्डारा : ०५६-५५०३६६
राप्ती उद्योग वाणिज्य संघ : ९८५५०६६३२२

सञ्चार माध्यम सर्म्पक न

हाम्रो राप्ती एफ एम : ९८५१०७४०६२
बिशाल न्युज दैनिक : ९८४३६०५३२८
सजिलो पाटी मिडिया : ९८११९८६०८७
द भ्वाइस अफ इण्डिजिनियस : ९८६५५१३५५३
द भ्वाइस अफ मगर : ९७६२३४५७४५

# राप्तीको पहाडी क्षेत्रमा कफीखेती



राप्ती । राप्ती नगरपालिकाको पहाडी क्षेत्रमा कफीखेतीका लागि बीउ राख्न थालिएको छ । हावापानीका हिसाबले उपयुक्त हुने देखिएपछि नगरपालिकाले कफीखेती गर्न किसानलाई प्रोत्साहन गरेको छ । राप्ती नगर पालिकाका मेयर शमशेर लामा किसानको खेतबारीमै पुगेर कफीको बीउ लगाउने काममा सघाउने गरेका छन् ।

मेयर लामाका अनुसार राप्ती-१०, ११, १२ र १३ नम्बर वडा कफीखेतीका लागि उपयुक्त रहेको पाइएको छ । शनिबार राप्ती-१३, गुन्दीस्थित सन्तराम प्रजाको बारीमा पुगेर नर्सरीमा कफीको बीउ लगाएका लामाले भने, ' आधुनिक कृषिमा जोड दिनुपर्छ भन्ने सोचका साथ राप्तीको पहाडी क्षेत्रमा कफी लगाउन लागिएको छ । १०, ११, १२ र १३ नम्बर वडालाई कफी जोन क्षेत्र घोषणा गरिने छ ।'

वैशाखभरिमा पहाडी क्षेत्रका चार वटै वडामा कफीको बीउ राख्ने काम सकिने उनी बताउँछन् । किसानहरूलाई कफीखेती गर्नका लागि प्रोत्साहन गर्न उनी आफैं कफीको बीउ लगाउन पुगेका थिए । 'किसानलाई कफी फलेपछि कहाँ लगेर बिक्री गर्ने भन्ने समस्या हुँदैन । राप्तीको जति पनि ठाउँमा कफी उत्पादन हुन्छ, त्यसको बिक्रीको ग्यारेन्टी राप्ती नगरपालिकाले गर्नेछ', उनले भने ।

कफीखेतीका लागि आवश्यक पर्ने बीउ र प्रविधि नगरपालिकाले उपलब्ध गराउने उनले बताए । ' नगरपालिकाको पहिलो प्रयास हो । कफीखेतीलाई सबै मिलेर सफल बनाऔं', उनले भने । प्राविधिकहरूको सुझावका आधार मा कफीखेती गर्न लागिएको हो । कफी फल्न दुई वर्ष लाग्छ । एक वर्षमा कफी लगाउँदा कम्तीमा १५ लाख रुपैयाँ आम्दानी हुने उनी बताउँछन् । त्यसमध्ये करिब चार लाख रुपैयाँ कफी उत्पादन गर्दा खर्च लाग्ने उनको भनाइ छ । कफीको मूल्य सरकारले नै तोक्ने गरेको छ ।

कफी बिक्रीका लागि कफी विकास बोर्डसँग समन्वय गरिने उनले बताए । 'कफी गाईभैंसी, बाख्रा र बाँदरले पनि नखाने भएकाले पहाडी क्षेत्रमा कफी लगाउँदा उपयुक्त हुने देखियो । पहाडमा धेरै जमिन खाली रहेको अवस्था पनि भएकाले कफीखेती सुरु गर्न लागिएको हो', उनले भने । ३० किलो बीउले ६० बिघामा खेती गर्न सकिने उनले बताए ।

# विश्व खोप सप्ताह

राप्ती । हरेक वर्ष, अप्रिल महिनाको अन्तिम हप्ता लाई विश्व खोप सप्ताहको विश्वव्यापीकरण खोप समुदायले मनाउने गर्दछ । खोपहरुको जीवन बचाउने शक्ति लाई उजागर गर्दै वर्ष २०२४ मा खोप समुदाय र विश्वव्यापी स्वास्थ्य सेवा प्रदायकहरुले विश्व स्वास्थ्य सङ्गठनको खोप प्रवर्धनको ५० सौं वार्षिकोत्सवलाई पनि मनाउने छन् । यसै सर्न्दभमा राप्ती नगर प्रमुख शमशेर लामाले पालिका भित्र रहनुभएका नगरवासीलाइ छुटेको खोप पुरा गर्नको लागी अनुरोध गरेका छन । उनले खोप सप्ताहमै छुटेका खोप लगाउन अनुरोध गरेका हुन । उनले खोप सप्ताहको यो समायावधिमा छुटेका खोप लगाएर सुरक्षित रहनु पर्नेमा जोड दिए । सबै उमेरका मानिसहरुलाई रोगबाट जोगाउन भ्याक्सिनहरुको प्रयोगलाई प्रवर्द्धन गर्ने लक्ष्य सँगै खोपको महत्व र आवश्यकतालाई आज विशेष चर्चा गरिन्छ । विश्व खोप सप्ताहको अन्तिम लक्ष्य भनेको धेरै मानिसहरु र तिनीहरुका समुदायहरुलाई खोपबाट रोक्न सकिने रोगहरुबाट सुरक्षित राख्नु हो । वर्ष २०२४ को विश्व खोप सप्ताह २४ देखि ३० अप्रिलसम्म विश्वभरि विभिन्न कार्यक्रमहरु गरेर मनाइन्छ ।



# तामाङ पत्रकारलाई सहयोग गर्न कन्ज्युस्याई गरिदैंन उपमेयर लामा




चितवन । तामाङ पत्रकार संघ चितवनको आयोजनामा नयाँ वर्ष २०८१ सालको शुभ अवसर मा 'शुभकामना प्रदान तथा भित्ते पात्रो विमोचन' गरिएको छ । राप्ती नगरपालिकाका उपप्रमुख देवेन्द्र लामा र संघका अध्यक्ष बबिलाल तामाङलगायतले नेपाल पत्रकार महासंघ चितवनको सभा हलमा संयुक्त रुपमा भित्ते पात्रो विमोचन गरी कार्यक्रमको उद्घघाटन गरेका हुन् ।

कार्यक्रमका प्रमुख अतिथि समेत रहेका उपप्रमुख लामाले संघले गर्ने हरेक गतिविधिमा आफ्नो यो गदान रहने बताए । पत्रकार र जनप्रतिनिधि बिच नङ र मासुको सम्बन्ध रहेको उनको भनाइ थियो ।

उनले तामाङ पत्रकारलाई गरिने सहयोगमा कुनै पनि कन्ज्युस्याई नगरिने जिकिर गरे । संघको हरेक समस्यालाई चिर्दै अघि बढ्नका लागि आफू सदैव तयार रहेको बताए ।

कार्यक्रममा संघलाई विभिन्न समयमा योगदान पुर्याएको भन्दै उच्च मूल्याकंनसहित पत्रकार सुरेश तामाङलाई गरिएको छ । तामाङलाई खादा र प्रमाणपत्रसहित प्रमुख अतिथि लामा र अध्यक्ष तामाङले संयुक्त रुपमा सम्मान गरेको हो ।

सम्मानित तामाङ पत्रकार संघ चितवनका कार्यसमिति सदस्य हुन् भने यसअघि प्रमिला तामाङ र सन्तोष तामाङलाई सम्मान गरेको थियो । संघको गतिविधि अन्तर्गत उत्कृष्ट कार्य गर्ने सदस्यहरुलाई हरेक कार्यक्रममा एकजनालाई सम्मानित गर्दै आएको छ ।

कार्यक्रममा संघका अध्यक्ष तामाङले प्रमुख अतिथि लामालाई मायाको चिनो प्रदान गरिएको थियो । कार्यक्रममा सूचना पुनरावेदन समिति बागमती प्रदेशका अध्यक्ष हरि अधिकारी, नेपाल पत्रकार महासंघ चितवनका सचिव दिपेन्द्र अधिकारी, नेपाल आदिवासी जनजाति पत्रकार महासंघ (फोनिज) का उपाध्यक्ष तुलमान गुरुङ, नेपाल आदिवासी जनजाति महासंघ महानगरका अध्यक्ष अजय तामाङले लगायतले मन्तव्य दिएका थिए ।

कार्यक्रममा नेपाल मगर पत्रकार संघ, नेवार पत्रकार संघका अध्यक्ष अनुज जोशी, समाजवादी प्रेस संगठन चितवनका अध्यक्ष टिकादत्त तिमिल्सिना, क्रान्तिकारी पत्रकार संघ चितवनका अध्यक्ष प्रेम कँडेल, नेपाल तामाङ घेदुङ कालिकानगर का उपाध्यक्ष विवेक तामाङ, पाख्रिन तामाङ समाज चितवनका अध्यक्ष ज्ञानबहादुर पाख्रिन, मञ्जुश्री म्हाणिमा आमा समूहका सचिव पासाङ तामाङलगायतको उपस्थिति रहेको थियो ।

कार्यक्रममा स्वागत मन्तव्य सदस्य युवक तामाङले दिएका हुन् भने संचालन प्रकाश तामाङले गरेका थिए । कार्यक्रम तामाङ पत्रकार संघ चितवनका अध्यक्ष बबिलाल तामाङको सभापतित्वमा सम्पन्न भएको थियो ।

# राप्तीमा असल पशु पालन सम्वन्धी तालिम सम्पन्न



राप्ती । राप्ती नगरपालिका वडा नं ६ की जमुना सेढाइले कृषकको लागी विभिन्न तालिम सञ्चालन हुनु सकरात्मक रहेको भन्दै खुशि व्यक्त गरिन । नगरपालिका नियमित आउन नपर्ने सेढाइलाइ बैशाख १२ देखि १४ गते सम्म भने नियमित नगरपालिका आउनु पर्यो । वडा नं ६ माओवादी केन्द्रकी अगुवा समेत रहेकि सेढाइ असल कृषक पनि हुन । उनले गाइभैसी पालेकि छिन । उनी नियमित नजिकको डायरीमा दुध समेत पुर्याउने काम गर्छिन । उनको आम्दानीको श्रोत पशुपालन हो भन्दा खुशि लाग्छ । तर व्यवस्थित पशु पालनको बैज्ञानिक ज्ञान नहुदा सेढाइ तनावमा थिइन । बैशाखको १० पछि राप्ती नगरपालिकाले स्थलगत तालिम आयोजना गर्दैछ भनेर खवर गरेपछि ३ दिन समय निकालिन र तालिममा सहभागि भइन । उनले व्यवीसथत पशुपालनको थुप्रै बैज्ञानिक पद्धति सिकेको बताइन ।

राप्ती नगरपालिका वडा नं ४ का कुमार पाठक व्यवसायी, सहकारीकर्मि हुन । उनी त्यो भन्दा बढी कृषक भनेर आफुलाइ चिनाउछन । नियमित आम्दानी हुने र जोखिम कम हुने भएपछि गाइ पालनमा उनको रुचि बढेको हो ।

बैशाख १२ देखि सुरु भएको ३ दिने स्थलगत व्यवसायीक गाईभैसी तालिममा नगरका व्यवसायीक कृषकहरुको सहभागिता रहयो । माथिका दुइ पात्र प्रतिनिधि पात्र हुन । गाइभैसी पालन गरेर जिवन चलाइ रहेका किसानलाइ बैज्ञानिक पद्धतीको बिषयमा तालिम दिइएको आयोजक पशु सेवा तालिम केन्द्र लगनखेल ललितपुरले जनाएको छ । तालिममा गाइभैसीको महत्व,प्राकृतिक र कृत्रिम जातको गर्भाधान,पशु छनोट,दुधालू गाइभैसी छनोट,आहारको बिषयमा कक्षा , युरिया मलासेस मिनरल ब्लक बनाउन सिकाइ ,सुत्केरी पशुको स्याहार ,थुनेला भएमा के गर्ने, पहिचान गर्ने,स्वास्थ्य व्यवस्थापन, स्वस्थ पशु कसरी राख्ने, असल पशुपालन अभ्यासको बिषय तालिम सञ्चालन भएको तालिमका संयोजक सन्तोष परियारले बताए ।

राप्तीका किसानलाइ यस किसिमको तालिम आवश्यक थियो, पशु सेवा केन्द्र लगनखे लले प्रभावकारि तालिम दिएको प्रमुख प्रशासकिय अधिकृत शैलेन्द्र भण्डारीले बताए । उनका अनुसार गाईभैसी पाल्ने किसानहरुलाइ तालिमले राहत मात्र दिएका छैन कि तालिमको माध्यम वाट असल किसान कसरी हुने भन्ने बिषयमा सहजीकरण समेत गरेको छ ।

राप्ती नगर प्रमुख शमशेर लामाका अनुसार राप्तीका किसानहरुको प्रभावकारिताको सहयो गर्ने बताए । व्यवसायिक गाइभैसी पालन र यसको व्यवस्थापनमा सहयोग गर्ने उनले बताए । हामीले यसअघि पनि प्रारम्भिक तालिम सञ्चालन गरेका छौ, यसले अझ प्रभावकारी भुमिका खेलेको उनले बताए ।

३० जना कृषक सहभागि रहेका तालिममा प्रशिक्षक केन्द्रका निमित्त बरिष्ठ तालिम अधिकृत बाशुदेव नाथ, पशु सेवा कार्यालय चितवन पशु चिकित्सक डा बब्लु ठाकुर, मस्य विकास केन्द्र भण्डाराका अधिकृत डा गणेश अधिकारी पशु शाखा राप्ती नगरपालिकाका निमित्त शाखा प्रमुख हरिकृष्ण ढकालले सहजीकरण गरेका थिए ।

राप्ती नगरपालिका नगरकार्यपालिका भण्डारा चितवनको लागी बिशाल स्कुल अफ आर्ट प्रा.लिद्वारा प्रकाशित